नेपाल सरकार
शहरी विकास मन्त्रालय
# शहरी विकास तथा भवन निर्माण विभाग
बबरमहल, काठमाडौं
(कर्मचारी प्रशासन शाखा)

पत्र संख्याः २०८०/८१/प्र-११२)
चलानी नं.:- ६४२

मितिः २०८०/११/०६
नेपाल संवत् ११४४

**विषयः- सामाजिक सुरक्षा योजना सम्बन्धी जानकारी बारे।**

खरिद अनुगमन मूल्याङ्कन तथा अभिलेख शाखा
दर्ता नं.: २१७
मिति: २०८०/११/०६

श्री शहरी विकास महाशाखा, शहरी विकास तथा भवन निर्माण विभाग।
श्री भवन महाशाखा, शहरी विकास तथा भवन निर्माण विभाग।
श्री आवास महाशाखा, शहरी विकास तथा भवन निर्माण विभाग।
श्री विशेष भवन निर्माण आयोजना समन्वय कार्यालय, बबरमहल, काठमाडौं।
श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास), काठमाडौं ।
श्री नेपाल शहरी शासकीय तथा पुर्वाधार आयोजना, बबरमहल, काठमाडौं ।
श्री नयाँ शहर आयोजना समन्वय कार्यालय, बबरमहल, काठमाडौं ।
श्री क्षेत्रीय सहरी विकास आयोजना समन्वय कार्यालय, बबरमहल, काठमाडौं।
श्री शहरी योजना तथा विकास केन्द्र (UPDC), बबरमहल ।
श्री वन्चरे डाँडाँ आयोजना कार्यान्वयन इकाई, बबरमहल।
श्री संघीय आयोजना कार्यान्वयन इकाईः-
मोरङ, धनुषा, कास्की, रुपन्देही, सुर्खेत, बांके, कैलाली ।
श्री सघन शहरी तथा भवन निर्माण आयोजनाः-
धनकुटा, झापा, ओखलढुंगा, ससरी, पर्सा, रामेछाप, काठमाण्डौ, धादिङ्ग, चितवन, बाग्लुङ्ग, दाङ, जुम्ला, डोटी ।
श्री वुटवल सभाहल तथा प्रदर्शनी केन्द्र निर्माण कार्यान्वयन इकाई, वुटवल ।
श्री नयाँ शहर आयोजना कार्यालयः-
फिदीम-पाँचथर, बसन्तपुर-तेह्रथुम, खुर्कोट-सिन्धुली, बैरेनीगल्छी-धादिङ्ग, डुम्रेभन्सार-तनहुँ, बुर्तिवाङ्ग-बाग्लुङ्ग, राकम कर्णाली-दैलेख, चौरजहारी-रुकुम, भेरीगंगा-सुर्खेत, साँफेबगर-अछाम, पाटन-बैतडी।

प्रस्तुत विषयमा शहरी विकास मन्त्रालय (आर्थिक प्रशासन शाखा) को प.सं. ०८०/०८१, च.नं. १३५, मिति २०८०/१०/२५ र सोही मन्त्रालय (आन्तरिक व्यवस्थापन शाखा) को प.सं. ०८०/०८१-३४९, च.नं. १६२८, मिति २०८०/१०/२८ को पत्रहरु साथ प्राप्त कर्मचारी सञ्चय कोषको प.सं. २०८०/८१, च.नं. ३६, मिति २०८०/१०/१२ को सामाजिक सुरक्षा योजना बारेको आवश्यक सहयोग गरिदिने सम्बन्धी विषयक पत्रको छाँयाप्रति पाना १ (एक) यसैसाथ संलग्न राखी आवश्यक कार्यार्थ एवं सम्बन्धित सबैको जानकारीको लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(अशोक काफ्ले)
शाखा अधिकृत

बोधार्थः-
श्री शहरी विकास मन्त्रालय, (आर्थिक प्रशासन शाखा), सिंहदरबार।
श्री शहरी विकास मन्त्रालय, (आन्तरिक व्यवस्थापन शाखा), सिंहदरबार।
श्री शहरी विकास तथा भवन निर्माण विभाग,
(आर्थिक प्रशासन शाखा):- उल्लेखित पत्र र संलग्न कागजातहरुको छाँयाप्रति २ (दुई) समेत यसैसाथ संलग्न गरिएको छ।
श्री शहरी विकास तथा भवन निर्माण विभाग,
(खरिद, अनुगमन, मूल्याङ्कन तथा अभिलेख शाखा):- उल्लेखित पत्र र संलग्न कागजातहरुको छाँयाप्रति २ (दुई) समेत यसैसाथ संलग्न गरी पठाइएको हुँदा विभागको वेबसाइटमा upload गरिदिनु हुन।
श्री सूचना अधिकारी, शहरी विकास तथा भवन निर्माण विभाग, बबरमहल ।

फोन नं. : +९७७-१-४२६२९२७, ४२६२५९४, ४२६२३६७, ४२६२९८५, ४२६२९८४
इमेलः dudbcaddmin@gmail.com, वेबसाइटः www.dudbc.gov.np
"व्यावसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन"

# कर्मचारी सञ्चय कोष
# Employees Provident Fund
(कर्मचारी सञ्चय कोष ऐन २०१९ बमोजिम स्थापित)


आ.व्य. शाखा
दर्ता नं.: ३८१९
दर्ता मिति: २०८०/१०/१८

प.सं./च.न. २०८०/८१- ५३८

मिति:२०८०/१०/१२

श्री ......शहरी विकास मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ ।

शहरी विकास मन्त्रालय
दर्ता नं.: ९३०९
मिति: २०८०/१०/२३

विषयः आवश्यक सहयोग गरिदिनुहुन ।

कर्मचारी सञ्चय कोष ऐन २०१९ द्वारा स्थापित कोषले सञ्चयकर्ताको कोष तथा योगदानमुलक निवृत्तभरण रकम व्यवस्थापन गर्नुको साथै वि.सं. २०४८ सालबाट सञ्चयकर्तालाई विभिन्न सामाजिक सुरक्षा सुविधा प्रदान गर्दै आएकोमा वि.सं. २०७५ साल देखि स्वास्थ्य उपचार योजना अन्तर्गत स्वास्थ्य उपचार सुविधा समेत थप गरी सञ्चयकर्तालाई लाभान्वित गराउँदै आएको विषय अवगत नै छ । सामाजिक सुरक्षा सुविधालाई थप प्रभावकारी र व्यवस्थित बनाउन समयानुकुल सुधार गर्दै आएको र यसै क्रममा मिति २०८० फागुन १ गतेदेखि लागु हुने गरी स्वास्थ्य सुविधा योजनामा सञ्चयकर्ताको पति/पत्नी समेतलाई समावेश गरी दायरा विस्तार गरेको छ । साथै, कोषले तोकेको अस्पतालहरुमा भर्ना भइ उपचार गरेको अवस्थामा मात्र यस स्वास्थ्य उपचार योजनामा सहभागी हुन सकिनेछ । कोषले तोकेको अस्पतालको विवरण कर्मचारी सञ्चयकोषको वेवसाइट https://www.epf.org.np मा उपलब्ध गराइएको छ ।

यस सम्बन्धमा, एकिकृत रूपमा "कर्मचारी सञ्चय कोष, सामाजिक सुरक्षा योजना सञ्चालन विनियम, २०८०" तर्जूमा गरी सञ्चयकर्ताको हितमा उपलब्ध गराउँदै आएको देहायको सामाजिक सुरक्षा योजनालाई थप व्यवस्थित गर्न लागेको व्यहोरा अनुरोध छ ।

कोषले उपलब्ध गराएको सामाजिक सुरक्षा योजनाहरुको बारेमा जानकारी गराई सञ्चयकर्ताहरुलाई लाभान्वित गर्न तहाँ अन्तर्गतका कार्यालयहरुमा सूचना सम्प्रेषण गरिदिने व्यवस्था मिलाई सहयोग गरी दिनुहुन हार्दिक अनुरोध गर्दछु ।

**कोषले सञ्चालन गरेका सामाजिक सुरक्षा योजनाहरु :**

(१) **काजकिरिया अनुदान योजनाः** सञ्चयकर्ताको सेवाकालमा मृत्यु भएमा निजको हकवालालाई काजकिरिया अनुदान बापत चालिस हजार रुपैयाँ भुक्तानी दिन सकिनेछ ।

(२) **सुत्केरी तथा शिशु स्याहार योजनाः** सञ्चयकर्ता वा सञ्चयकर्ताको पत्नी सुत्केरी भएमा निजलाई सुत्केरी तथा शिशु स्याहार सुविधा बापत सेवा अवधिभरमा प्रति प्रसुति सात हजार पाँच सय रुपैयाँको दरले बढीमा पन्ध्र हजार रुपैयाँ भुक्तानी दिन सकिनेछ।

(३) **दुर्घटना क्षतिपूर्ति योजनाः** सञ्चयकर्ता सेवाकालमा दुर्घटनामा परी मृत्यु भएमा वा पूर्ण अङ्गभङ्ग भएमा सञ्चयकर्ता वा निजको हकवालालाई दुर्घटना क्षतिपूर्ति वापत दुई लाख रुपैयाँ भुक्तानी दिन सकिनछ ।

(४) **स्वास्थ्य उपचार योजना**

- (क) **साधारण रोगः** सञ्चयकर्ता वा निजको पति/पत्नी अस्पताल भर्ना भई उपचार गरेको साधारण रोगको हकमा प्रत्येक वर्ष रु. एक लाख सम्मको खर्च रकम सञ्चयकर्ता वा निजको पति/पत्नी वा निजको हकवालालाई शोधभर्ना दिन सकिनेछ ।
- (ख) **घातक रोग :** सञ्चयकर्ता वा निजको पति/पत्नी अस्पताल भर्ना भई उपचार गरेको घातक रोगको हकमा सञ्चयकर्ता वा निजको पति/पत्नी वा निजको हकवालालाई सेवा अवधिभरमा रु. दश लाख सम्मको खर्च रकम शोधभर्ना दिन सकिनेछ ।

**संलग्नः**

१. सामाजिक सुरक्षा योजना सञ्चालन विनियम, २०८० (कर्मचारी सञ्चयकोषको वेवसाइट https://www.epf.org.np मा उपलब्ध छ ।)

(सागर कुमार सिंह)
विभागीय प्रमुख
निवृत्तभरण व्य. तथा सामाजिक सुरक्षा विभाग

श्री महानिर्देशक
दर्ता नं.:- १९६०
मि.: २०८०।१०।२८

नेपाल सरकार

# शहरी विकास मन्त्रालय

(आन्तरिक व्यवस्थापन शाखा)

सिंहदरबार,
काठमाण्डौं, नेपाल।

पत्र संख्याः- ०८०/०८१-१३४९
चलानी नं.:- १६२८

शहरी विकास तथा भवन निर्माण विभाग
कार्यालय प्रशासन शाखा
दर्ता नं. : ९९६
मिति : २०८०/११/०६

मितिः- २०८०।१०।२८
ने.सः- ११४४ सिल्लाथ्व द्वितीया

शहरी विकास तथा भवन निर्माण विभाग
दर्ता नं.: ९२६९
मिति: ०८०।१०।२८

श्री शहरी विकास तथा भवन निर्माण विभाग, बबरमहल, काठमाडौं ।
श्री स्थानीय पूर्वाधार विभाग, पुल्चोक, ललितपुर ।
श्री काठमाडौं उपत्यका विकास प्राधिकरण, अनामनगर, काठमाडौं ।
श्री अधिकार सम्पन्न बागमती सभ्यता एकिकृत विकास समिति, गुहेश्वरी फाँट, काठमाडौं ।
श्री संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय, सानोगौचरण, काठमाडौं ।
श्री राष्ट्रिय आवास कम्पनी लिमिटेड, काठमाडौं ।
श्री अन्तराष्ट्रिय सम्मेलन केन्द्र विकास समिति, बानेश्वर, काठमाडौं ।
श्री नगर विकास कोष, बानेश्वर, काठमाडौं ।
श्री राष्ट्रिय भवन प्रविधि अनुसन्धान केन्द्र, बबरमहल, काठमाडौं ।

## विषयः- आवश्यक जानकारी सम्बन्धमा ।

प्रस्तुत विषयमा कर्मचारी सञ्चय कोषको प.सं. २०८०/०८१ च.नं. ३६ मिति २०८०।१०।१२ को आवश्यक सहयोग गरिदिने सम्बन्धी पत्रको छाँयाप्रति पाना-१ (एक) आवश्यक जानकारीको लागि यसैसाथ संलग्न राखी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(सुशील कुमार भण्डारी)
शाखा अधिकृत

बोधार्थः
श्री कर्मचारी सञ्चय कोष,
सिंहदरबार, काठमाडौं ।